# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०३।२० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

काठमाडौं महानगरपालिका वडा नं.-९ वडा कार्यालय, गौशालाका कार्यालय सहयोगी (तेस्रो तह) गोविन्द खड्काले सेवाग्राहीले व्यवसाय सञ्चालन गरे बापत वडा कार्यालयमा नियमानुसारको कर तिर्न जाँदा काममा आलटाल गरी कर बाहेक रू.१०,०००।—(अक्षरुपी दस हजार) घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिई गएको टोलीले निज गोविन्द खड्कालाई सेवाग्राहीसँग रू.१०,०००।—(अक्षरुपी दस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज कार्यालय सहयोगी (तेस्रो तह) गोविन्द खड्काले व्यवसायी कर तिर्ने काम गरिदिए बापत सेवाग्राहीसँग घुस रिसवत माग गरेको र नदिए अतिरिक्त रकम समेत निकाली दिन्छु भनी आलटाल गरी सेवाग्राहीसँग घुस रकम माग गरी लिएको पुष्टि भएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकाले निजलाई विगो रू.१०,०००।—(दस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता